अविलम्व प्रेषणका लागि

# विश्व बैंक

## विश्व बैंकद्वारा नेपाललाई ग्रामीण क्षेत्रमा पहुँच बढाउनका लागि सहयोग

*३ करोड २० लाख अमेरिकी डलरको सहायताले ग्रामीण यातायातका पूर्वाधार तथा सेवाहरुका साथै सामाजिक सेवा तथा आर्थिक अवसरहरुमा सर्वसाधारणको पहुँच अभिवृद्धि गर्ने*

**वाशिंङ्गटन डि.सी., असार ७, २०६२ –** विश्व बैंकले नेपाललाई ग्रामीण क्षेत्रमा अत्यावश्यकीय सडक पूर्वाधारहरुको विकासका लागि ३ करोड २० लाख अमेरिकी डलर अनुदान प्रदान गर्ने आज स्वीकृति जनाएको छ । सरकारसँगको सहकार्यमा बैंकले नेपालको आर्थिक वृद्धि तथा गरिबी न्युनीकरणमा मुख्य अवरोधको रुपमा रहेको दूर्गम, ग्रामीण तथा पहाडी क्षेत्रका बासिन्दाहरुको बजार तथा सेवाहरुमा रहेको न्युन पहुँचमा सुधार ल्याउने अपेक्षा राखेको छ ।

नेपालको २ करोड ४० लाख जनसंख्यामध्ये अनुमानित ३६ प्रतिशत मानिस सार्वजनिक यायायातको साधन उपलब्ध हुने संभावना रहेका वर्षैभरी सञ्चालन गर्न सकिने नजिकैको सडकदेखि कम्तिमा पनि २ घण्टा पैदल हिड्नु पर्ने वरीपरीका क्षेत्रमा बसोबास गर्दछन् । देशका ७५ जिल्ला सदरमुकामहरुमध्ये कम्तिमा १५ जिल्लालाई अझै पनि सडकले छोएको छैन । देशको ६५ प्रतिशत सडक सञ्जालका अतिरिक्त अधिकांश ग्रामीण सडकहरु वर्षा मौसममा बन्द रही सुख्खा याममा मात्र सञ्चालनमा ल्याउन सकिने अवस्थाका छन् ।

*नेपालका लागि विश्व बैंकका आवासीय निर्देशक* **केनईची ओहाशी** *भन्नुहुन्छ- 'नेपालमा भइरहेको द्वन्द्वले खासगरी ग्रामीण दूर्गम क्षेत्रका भित्री इलाकाहरुमा सेवा तथा आर्थिक अबसरहरुको पहुँचमा अत्याधिक असर पारेको छ'* । उहाँका अनुसार *'द्वन्द्वलाई ध्यानमा राख्दै यस परियोजनाले सो अनुकूलको योजना अनुसार समुदायहरुको स्थानीय आवश्यकतालाई समुचित तरिकाले संबोधन गर्नका लागि योजना तर्जूमा, कार्यान्वयन तथा अनुगमनका कार्यहरुमा समुदायसँग सहकार्य गरी उनीहरुलाई नै परिचालन गर्ने उद्देश्य लिएको छ ।'*

अन्तर्राष्ट्रिय विकास संस्थाबाट बित्तीय सहयोगका साथै दातृ-सहयोग प्राप्त परियोजनाहरुका अनुभवहरु यस प्रकार रहेको पाइन्छ: (क) परियोजनाका कार्यक्रमहरुलाई अन्तर जिल्ला वा एउटै जिल्ला भित्रकै विभिन्न इलाकामा लागु गर्न सकिने गरी

परियोजना तर्जुमा गर्दा लचिलो किसिमले गरिनुपर्ने, (ख) उपयुक्त तरिकाबाट सामाजिक परिचालन गरी परियोजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सामुदायिक सहभागिताको परिपोषण गरिनुपर्ने, (ग) निर्माणका क्रममा चट्टानहरु निकाल्नका लागि बिस्फोटक पदार्थ उपयोग नगर्ने, र (घ) परियोजना कार्यान्वयन भएका जिल्लाहरुको स्थितिको अध्ययन, सञ्चार रणनीतिहरुको विकासका साथै ती रणनीतिहरुको सहयोगमा विकास सम्बन्धी सन्देश समाजको आधारभूत तहमा अभियानका रुपमा संचालन गरिनुपर्ने एवं कार्यान्वयनमा सघाउ पुऱ्याउन स्थानीय गै.स.स. हरुलाई संलग्न गराउने जस्ता उल्लिखित सर्तहरु पूरा भएमा मात्र परियोजना कार्यान्वयनमा प्रगति हासील गर्न संभव हुने अनुभव बैंक तथा दातृ समुदायको रहेको छ ।

*विश्व बैंकका यातायात अर्थविज्ञ* **बिनयाम रेजा**का अनुसार *'नेपालको आर्थिक तथा सामाजिक विकास बजार तथा सेवाहरुसम्मको पहुँचसँग नछुट्टिने गरी निर्भर रहेको छ । नेपाली अर्थतन्त्रको मूल आधार रहेको कृषि क्षेत्रले ८५ प्रतिशत रोजगारी प्रदान गर्दछ । दूर्गम इलाकाहरुमा सडक पूर्वाधारहरुको कमीका कारण बजार तथा सेवाहरुमा न्युन तहको पहुँच हुनु नै यस क्षेत्रको विकासमा देखिएको प्रमुख अवरोध हो ।'* नेपालमा सम्पन्न विभिन्न सामाजिक-आर्थिक सर्वेक्षणहरुबाट दूर्गम क्षेत्रका बालबालिकाहरुलाई कुपोषण हुने बढी संभावना रहेको, पाँच वर्ष उमेर नपुग्दै उनीहरुको मृत्यु हुने गरेको र सहज पहुँच भएका जिल्लाहरुको तुलनामा दूर्गम क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरुको विद्यालय जाने संभावना कम रहेको देखिन्छ ।

**ग्रामीण पहुँचमा सुधार तथा विकेन्द्रीकरण परियोजना**ले सवारी साधन तथा गैर-सवारी साधनका माध्यमबाट लक्षितवर्गको सामाजिक तथा आर्थिक केन्द्रहरुसम्मको यात्रामा २० प्रतिशतले वृद्धि ल्याउनुका साथै यात्राका लागि लाग्ने समयमा समेत सोही प्रतिशतले कमी ल्याउने लक्ष्य राखेको छ ।

यो परियोजना देशका २० वटा विकेन्द्रीत जिल्लामा (क) ग्रामीण यातायात पूर्वाधारको सुधार र (ख) स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग तथा जिल्ला विकास समितिहरुको क्षमता अभिवृद्धि एवं उनीहरुलाई परामर्श सेवा प्रदान गरी कार्यान्वयन गरिनेछ । प्रथम अङ्गमा सुख्खा याममा मात्र संचालन हुने विद्यमान ८०० कि.मी. ग्रामीण सडकहरुलाई वर्षैभरी यातायात सञ्चालन हुने गरी पुनर्स्थापना तथा स्तरोन्नति गरिने, दूर्गम पहाडी जिल्लाका २०० कि.मी. विद्यमान ग्रामीण गोरेटो तथा कच्ची बाटाहरुलाई सुख्खा याममा सञ्चालन हुने गरी स्तरोन्नति गरिने, ३५०० कि.मी. ग्रामीण सडकहरुको नियमित मर्मतसंभार तथा पुनर्निर्माण गरिने, ३५० वटा झोलुङ्गे पुलहरुको निर्माणका साथै बजारहरुको निर्माण तथा सामुदायिक बाटो तथा सडकहरु लगायत साना सामुदायिक पूर्वाधारहरुको विकास गरिनेछ ।

परियोजनाको दोश्रो अङ्गमा तालीमसँग सम्बन्धित गतिविधिहरुको कार्यान्वयन, प्राविधिक सहायता तथा परामर्शसेवाहरु उपलब्ध गराइनुका साथै अन्य कुराहरुका अतिरिक्त ग्रामीण जनसंख्याको भ्रमणको प्रवृत्ति र आवतजावत तथा यातायातको आवश्यकताका बारेमा समीक्षात्मक अध्ययन जस्ता कार्यहरु समावेश छन् ।

परियोजनाले यस कार्यक्रमको कार्यान्वयन अवधिमा खुला, ठोस एवं निरन्तर सामुदायिक परामर्श तथा सहभागिता गराई द्वन्द्व प्रभावित क्षेत्रहरुमा विकासका महत्वपूर्ण कार्यहरु कार्यान्वयन गर्ने क्रममा संभाव्यता प्रस्तुत गर्ने अवसर समेत उपलब्ध गराउनेछ । यी कार्यहरुका लागि लक्षितवर्गलाई लाभ पुऱ्याउने उद्देश्य अनुरुप स्थानीय सञ्चार रणनीतिहरुमा आधारित परियोजनामै 'अन्तः-निर्मित' प्रबन्ध गरिनेछ ।

अन्तर्राष्ट्रिय विकास संस्थाको अनुदान प्राप्त हुने यस परियोजनाका बारेमा **रेजा** भन्दछन्-*'परियोजना सम्पन्न भएपछि कार्यक्रममा सरिक जिल्लाहरुले सुधारिएका ग्रामीण यातायात पूर्वाधार तथा सेवाहरुको उपयोग गर्न र बढेका सामाजिक तथा आर्थिक अवसरहरुबाट लाभान्वित हुन सक्नुपर्दछ ।'*

*नेपालमा विश्व बैंकका कार्यक्रम तथा गतिविधिहरुका बारेमा थप जानकारीका लागि:*
*http://www.worldbank.org/np*
*http://www.biswabank.org/np*